अनुसूची - २

(संघीय सहकारी नियमावली, २०७५ को नियम ६ को उपनियम (२) सँग सम्बन्धित)

# श्री ....................... सहकारी संस्था लि.,
# ............. को संभाव्यता अध्ययन प्रतिवेदन,
# २० ............

## नमूना

**प्रकाशक**

## बेथानचोक गाउँपालिका

बागमती प्रदेश, काभ्रेपलाञ्चोक
नेपाल

## श्री ...................... सहकारी संस्था लि.,
## ............ को संभाव्यता अध्ययन प्रतिवेदन,
## २० ............

### १. संस्थाको परिचय :-

हाम्रो कार्य क्षेत्रमा वर्तमान अवस्थाको उर्लिदो जनघनत्व, बढ्दो व्यवसायहरु, जनचाहना, बजारको स्वरुप, जन-सक्षमता आधुनिकिकरण तथा व्यवसायमुलक कृषि पेशालाई अंगिकार गर्ने हेतु र आवश्यकता जस्ता कुराहरुलाई विचार्दै संस्थालाई पनि अगाडि बढाउने र सम्पूर्ण सदस्यहरुका आवश्यकताहरुलाई पुरा गर्ने हेतुले प्रस्तावित संस्थाको अवश्यकता देखिएको भएको हो । सबै जातजाति, धर्म-संस्कृति रिति-रिवाजलाई अंगाल्दै समाजमा बसोबास गर्दै आएका सम्पूर्ण सदस्यहरुलाई सहकारीको महत्व र आफ्नो सहभागिताको बोध गराउने प्रभावकारी कार्यक्रमहरु प्रस्तुत गरेर निम्न वर्गिय जनताहरुको आयश्रोत बृद्धि गर्दै बचत गर्नलाई प्रेरणा दिएर त्यसको महत्वलाई प्रष्ट्याउनु हाम्रो प्रथम प्रयास हुनेछ । विभिन्न ठाउँमा आयमुलक तथा कृषिजन्य व्यवसायमा लगानी गरेर त्यहाँका बासिन्दाहरुलाई रोजगारको श्रृजना, सहुलियत दरमा दैनिक उपभोग्य वस्तुहरु उपलब्ध गराउन, प्राथमिक आवश्यकता र आर्य आर्जन क्षमताको पहिचान गरेर उत्पादशील, आयमूलक, सीपमूलक कामहरुमा जागरण गराउँदै समाजको सदस्यहरुलाई सवल र स्वावलम्वी बनाउनु हाम्रो परिचय हो ।

### २. संस्था गठन गर्नुपर्नाको कारण :-

यस क्षेत्रमा गठित सहकारीहरुले सदस्य केन्द्रित व्यवसाय सञ्चालन गर्न नसकी हामीहरुलाई समेट्न सकेका छैनन् । तसर्थ केही गरौं भन्ने युवाहरुले नयाँ जोशजाँगरका साथ यो संस्था खोल्न खोजेका छौं ।

### ३. सदस्यताको जनसांख्यिक आधारः

कार्यक्षेत्र भित्र बसोबास गर्ने अनुमानित जनसंख्या ........................रहेको छ ।

४. **सहभागिताको औचित्य** : यस सहकारीमा सहभागी भए पश्चात् सदस्यको आर्थिक र सामाजिक विकास भै स्वावलम्बी बन्न सक्ने अवस्थाको आँकलन गरेका छौं ।

### ५. व्यावसायिक सम्भाव्यताः

**५.१. सदस्य केन्द्रियताका आधारमा व्यवसायिक कारोबारको अनुमानः** व्यावसायिक कार्ययोजनामा उल्लेख गरिएको छ । पर्याप्त कारोबार गर्न सकिने आधार देखिन्छ ।

**५.२. सदस्यहरुको संरक्षण (Patronage) सुनिश्चित गर्ने आधारहरु :** कारोबार नै सदस्य केन्द्रित भएपछि Patronage सुनिश्चित हुन्छ ।

**५.३. कारोबारबाट हुने बचतको (surplus) को प्रक्षेपण :** व्यवसायिक कार्ययोजनामा उल्लेख गरिएको छ । पर्याप्त कारोबार गर्न सकिने आधार देखिन्छ ।

## ६. पूजी आबश्यकता र श्रोत :-

**६.१. आबश्यकताको अनुमानः** आबश्यकता अनुसारको अनुमान गर्दा यो समूह पहिल्यैदेखि सञ्चालनमा आएको र पर्याप्त पूँजी संकलन भै परिचालन भैरहेकोले आवश्यकता बमोजिमको पूँजी पर्याप्त रहेको छ ।

**६.२. श्रोतहरु** : खण्ड ग मा उल्लेख भए बमोजिमका तपसील बमोजिमका स्रोतहरु रहेका छन् ।

१. शेयर सदस्यहरुको बचत, शेयर लगायत संस्थाले आर्जन गरेका सबै किसिमका आम्दानी,

२. नेपाल सरकार वा अन्य गैर सरकारी संघ संस्थाबाट प्राप्त अनुदानको रकम,

३. विदेशी सरकार वा अन्तराष्ट्रिय दाता संघ संस्थाबाट प्राप्त अनुदानको रकम,

४. संस्थाले शेयर बिक्री गरे बापत प्राप्त रकम, नियमित बचत र सदस्यता बापत प्राप्त शुल्कहरु,

५. संस्थाले ऋण लगानी गरे बापत प्राप्त ब्याज, हर्जाना तथा अन्य  बापत प्राप्त शुल्कहरु,

६. अन्य श्रोतहरुबाट प्राप्त रकमहरु ।

**६.३. पूँजी परिचालनका तर्कसम्मत आधारहरु :** यो संस्था स्थापना पछि पूँजी परिचालनका पर्याप्त आधारहरु छन् । संस्थामा आवद्ध जनशक्ति, कार्यक्षेत्रको जनसंख्या, उर्लदो व्यवसायीकरण र सोका लागि चाहिने पूँजी संस्थासंग रहनु आदि पूँजी परिचालनका तर्कसम्मत आधारहरु रहेका छन् ।

## ७. बजार विश्लेषण

क्षेत्रफल, कार्यक्षेत्र, संभावित खरिदकर्ता, विक्रेता, लक्षित वर्ग, सेवा सुविधा, मूल्य र शुल्कहरुलाई केन्द्रविन्दु बनाएर बजारको स्वरुप निर्धारण गराइएको छ । समग्रमा व्यवसायिक अभिरुचि राख्ने जनता रहेको कारण संस्थाको भविष्य उज्ज्वल देखिन्छ ।

### ७.१ नजिकको बजार

यो ……………… भर्खरै विकसित हुँदै गरेको बजार हो । यहाँ पर्याप्त जनसंख्या रहेकोले आय आर्जनका पर्याप्त अवसर रहेकोले २०–३० हजार सदस्य बनाई आम्दानी बढाउन सकिने पर्याप्त आधार देखिन्छ ।

### ७.२ टाढाको बजार :

### ७.३. प्रतिस्पर्धाको स्तर र प्रतिस्पर्धामा रहिरहने आधारहरू:

पहिले दर्ता गरिएका सहकारी संस्थाहरु नवीन सोच र ढंगका साथ हिड्न नसक्ने अवस्था भएकाले प्रतिस्पर्धाको स्तर कमजोर छ । तसर्थ हामीहरूले अरुले निर्माण गरेका प्रतिवद्धता भन्दा स्वयंले श्रृजना गरेका नव विचार पस्केर निर्विरोध रुपमा सामाजिक रथलाई गन्तव्यमा पुऱ्याउने हेतुले अन्य स्थापना भएका समाज प्रकृतिका संस्थाहरूमा संलग्न नभई आफै स्ववलम्बी भएर एउटा अग्रगामी संस्थाको स्थापना गर्ने प्रण लिएका छौ । र प्रतिस्पर्धामा हामी खरो रुपमा उत्रन सक्ने पर्याप्त सम्भावना छ ।

## ८. कार्यक्षेत्रभित्र रहेका समान प्रकृतिका सहकारी संस्थाहरुको संख्या, सेवा र सदस्यताको प्रकाशमा प्रस्तावित संस्थाको औचित्य :-

अनुमानित समान प्रकृतिका संस्थाहरु यस कार्यक्षेत्रमा दर्ता देखिए पनि सक्रिय रुपमा लगभग ….. वटा सुन्नमा आएको पाइन्छ । प्रस्तावित संस्थाको कार्यक्षेत्र वरिपरि यस किसिमका संस्था भएता पनि कसैले पनि ससम्मान सदस्यता नदिएकोले कुनै पनि संस्थामा सदस्यता नलिई छुट्टै संस्था खोल्न आवश्यक देखिन्छ ।

## ९. पहिले स्थापना भईसकेका समान प्रकृतिका संस्थाहरुमा संलग्न हुन नसकिने कारण :

मानिसमा पृथ्वीको सर्वोत्कृष्ट प्राणीका रुपमा उत्पत्ति भएकै कारण सदैब अरुभन्दा फरक शैली र सफलता अनुग्रहण गर्ने लालच हुन्छ । निश्चिय नै आफ्नो संस्था स्थापना गरेर समाजलाई नयाँ गोरेटो तर्फ उन्मुख गराउन नयाँ दिशा निर्देशनको खाँचो पर्दछ । तसर्थ हामीहरुले अरुले निर्माण गरेका प्रतिवद्धता भन्दा स्वयंले श्रृजना गरेका नव विचार पस्केर निर्विरोध रुपमा सामाजिक रथलाई गन्तव्यमा पुऱ्याउने हेतुले अन्य स्थापना भएका समाज प्रकृतिका संस्थाहरुमा संलग्न नभै आफै स्वावलम्बी भएर एउटा अग्रगामी संस्थाको स्थापना गर्ने प्रण लिएका छौ । यस संस्थामा आवद्ध हुने सदस्यहरुको विशेषताको कारणले प्रस्तावित संस्थाका संस्थाको भविष्य सुवर्णमय देख्दछौं ।

## १०. महिला सशक्तिकरण र सामाजिक समावेशीकरणका आयामहरु :

यो क्षेत्र ....... भएकाले पर्याप्त मात्रामा ...........को बाहुल्यता रहेको छ । त्यसैगरी दलितमा मुसहर, वि.क., आदिको उत्तिकै बाक्लो उपस्थिति छ । तसर्थ यस संस्थाको माध्यमबाट आधा आकाश ढाक्ने महिला समेतको समाजमा सामाजिक समावेशीकरणका लागि सहभागिता, कल्याणकारी कार्य, पहुँच, चेतनामूलक कार्य तथा अभियान, नियन्त्रण समेतका समावेशीकरणका आयामहरुमा काम गर्न सक्दछ ।

## ११. प्रस्तावित संस्था संचालनका लागि चाहिने जनशाक्ति :-

आफ्नै सदस्यहरुको रोहवरमा चुनिएका कर्मठ, अनुभवी स्वावलम्बी पदाधिकारीहरु नै प्रस्तावित संस्थाका संचालनका लागि चाहिने जनशक्तिहरु हुन । आवश्यक अनुरुप पत्रिकामा विज्ञापन दिएर पनि सक्षम र अनुभवी जनशक्ति चयन गर्न सकिने छ । हाललाई निम्न पदमा कार्य गर्नसक्ने सक्षम जनशक्ति संस्थासँग रहेको अवस्था छ ।

क.

ख.

ग.

घ.

## १२. संस्थाको विकास र स्थायित्वका आधारहरु :

पर्याप्त पूँजीको उपलब्धता, सक्रिय सदस्यहरु, बजार र जनताको व्यवसायिकता आदिका कारण संस्थाको विकास हुनेछ । र स्थायित्वका लागि सोको निरन्तरताका लागि पर्याप्त आधार भएकाले स्थायित्व हुने पर्याप्त आधार रहेको देखिन्छ ।

### १२.१ संस्था मार्फत् पेशा, व्यवसाय संचालन गर्नका लागि आवश्यक श्रोतहरु :

त्यसै पनि संस्था भनेको जनएकताबाट जन्मिएको एउटा बलियो संगठन हो । संस्था मार्फत संचालन गरिने विभिन्न व्यवसायको लागि अपरिहार्य पुँजीका श्रोतहरू देहाय बमोजिम अनुमानित रहेका छन् ।

१. शेयर लगायत संस्थाले आर्जन गरेका सबै किसिमका आम्दानी,
२. नेपाल सरकार वा अन्य गैर सरकारी संघ संस्थाबाट प्राप्त अनुदानको रकम,
३. विदेशी सरकार वा अन्तराष्ट्रिय दाता संघ संस्थाबाट प्राप्त अनुदानको रकम,
४. संस्थाले शेयर बिक्री गरे बापत प्राप्त रकम, नियमित बचत र सदस्यता बापत प्राप्त शुल्कहरू,
५. अन्य श्रोतहरूबाट प्राप्त रकमहरू ।

**१२.२ जनघनत्वको आधारमा** निकै अगाडि आएको यस कार्य क्षेत्रका स्थायी बासिन्दाहरु र कर्मठ सदस्यहरु लागेर खोलिन लागेको यो संस्था वास्तवमै सवल, पूर्ण सफल व्यवसायिक संभाव्यताको दृष्टिकोणले सवल देखिन्छ ।

### १२.३ सेवा पु¥याउन सकिने सदस्यहरुको अधिकतम संख्या :-

दर्ताको क्रममा आवश्यक तदर्थ संचालक समितिका ... जना र ... जना शेयर सदस्यहरु गरेर कुल... जना सदस्यहरुले अहिले कार्य गर्दै आएका छन् । संस्थाबाट प्रभावित भएर संस्थामा सदस्यता लिन जो कोहीलाई पनि रोकतोक नभएकाले सेवा पु¥याउन सकिने सदस्यहरुको अधिकतम संख्या आवश्यक बमोजिम रहने छ ।

### १२.४ संस्थाको संस्थागत विकासका स्पष्ट आधारहरु :-

एकता नै बल हो र संगठन नै शक्ति हो । संस्थागत विकासका लागि एकबद्ध भएर जुटेका कर्मठ युवाहरु सक्रिय, अनुभवी र सहयोग सदस्यहरु पनि संस्थागत विकासका स्पष्ट आधारहरु हुन । यसबाहेक संस्थाले समय सापेक्षित गर्ने लगानी र त्यसबाट प्राप्त हुने लाभांशले नै संस्थाको विकासलाई आधारित गराउने छ ।

### १२.५ व्यवसाय स्वरुप :-

१. सदस्यहरुबाट स्वीकृत नीति अनुसार बचत संकलन गर्ने । सदस्यहरुलाई स्वीकृत नीति अनुसार ऋण लगानी गर्ने । सहकारी ऐन बमोजिम संस्थाको शेयर बिक्री गर्ने,

२. सहकारी ऐन, नियमावली र विनियमको अधिनमा रही अन्य संघ-संस्थाबाट ऋण लिने सहकारीता बारे सदस्यहरुको चेतना जगाउने क्रियाकलाप संचालन गर्ने । सदस्यहरुलाई सीपमूलक तालिमको अवसर प्रदान गरी व्यावसायीक सिप अभिबृद्धि गर्ने ।

३. शिक्षा, स्वास्थ्य, आवास, यातायात, कृषि, उद्योग व्यापार लगायतका विभिन्न क्षेत्रमा कार्यक्रम तय गरी तत्सम्बन्धी काममा सदस्यहरुलाई व्यक्तिगत वा सामुहिक रुपमा ऋण प्रवाह गर्ने । सदस्यहरुलाई दैनिक जीवनमा आवश्यक पर्ने विविध कामहरुमा न्यूनतम सेवा शुल्क लिई वा नलिई सेवा पु¥याउने ।

४. सदस्यहरुलाई सूचना प्रवाह गरी व्यावसायीक ज्ञान र अवसरमा पहुँच बढाउने काम गर्ने । आफ्ना सदस्यहरुलाई सानातिना जोखिमबाट त्राण दिन सदस्यहरुको सामूहिक सहयोग उपलब्ध गराउने संस्थागत प्रबन्ध गर्ने । कारोवारको मुनाफाबाट केही अंश छुट्टाई सदस्यहरु एवं तिनका परिवारका सदस्यहरुलाई रचनात्मक कार्यमा उत्प्रेरित गर्ने खालका कार्यक्रम संचालन गर्ने ।